**Prithvi Journal of Research and Innovation**
**(A Peer-Reviewed, Open Access Journal of Research Reports)**
**ISSN 2705-4888 (Print); ISSN 2705-4896 (Online)**
**Volume 1; 15 December 2019**

# नेपाली भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा

*सुरज पौडेल, उपप्राध्यापक*
*नेपाली शिक्षा विभाग*
*पृथ्वीनारायण क्याम्पस, त्रिवि, पोखरा*

**सार**
*प्रस्तुत 'नेपाली भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा' शीर्षकको लेख मूलतः पोखरा उपत्यकाभित्र कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा, प्रयोगावस्था र भोगेका कठिनाइ पहिल्याउने उद्देश्यले तयार गरिएको हो । आलेख तयार गर्ने सन्दर्भमा मूलतः गुणमात्रात्मक विधि (**क्वान** क्वाल विधि) को उपयोग गरी प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट नेपाली भाषा शिक्षकले प्रस्तुत गरेका वस्तुगत र विषयगत दुवै धारणालाई प्रतिशताङ्क, पाइचार्ट, बारडायग्राम तथा थिमहरू निर्माण गरी व्याख्या गरिएको छ । अध्ययनबाट प्राप्त निष्कर्षलाई हेर्दा अधिकांश शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नियमित/अनौपचारिक, निराकरणात्मक/सुधारात्मक र भाषिक सिपको मूल्याङ्कनका रूपमा लिएका छन् । संस्थागत विद्यालयका शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख राख्ने गरेको पाइएन भने निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा कक्षाकार्य/गृहकार्य, हाजिरी र कक्षा सहभागिता, सिर्जनात्मक कार्य, परियोजना कार्य र व्यवहार अवलोकनलाई मुख्य साधनका रूपमा उपयोग गरेको पाइन्छ । अधिकांश शिक्षकले विद्यार्थीको सिकाइ उपलब्धिमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव सकारात्मक रहेको बताएका छन् भने केही शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन केवल औपचारिकतामा सीमित रहेको जनाएका छन् । शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यालय प्रशासन र विद्यार्थीसँग सम्बन्धित समस्या भोगेको बताएका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी र विद्यालय प्रशासनको समन्वय र सहयोगको आवश्यकता पर्दछ ।*

**मुख्य शब्द :** भाषा शिक्षक, निरन्तर विद्यार्थी मूल्याङ्कन, धारणा, निराकरणात्मक, परियोजना कार्य ।

## परिचय/पृष्ठभूमि

प्रस्तुत 'नेपाली भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा' शीर्षकको अध्ययन मूलतः नेपाली भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी धारणा, प्रयोगावस्था र भोगेका कठिनाइको अध्ययनसँग सम्बन्धित छ भाषा शिक्षण/सिकाइका सन्दर्भमा भाषिक मूल्याङ्कनका विविध पक्षहरू जोडिएर आउने गर्दछन् । भाषिक मूल्याङ्कनविना भाषिक उपलब्धिको लेखाजोखा गर्न सकिँदैन ।

भाषिक मूल्याङ्कन भाषिक सिपको मूल्याङ्कन हो । भाषिक सिपहरूसँग सम्बद्ध रहेर विद्यार्थीका उपलब्धिको लेखाजोखा गर्ने कार्यलाई भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक मूल्याङ्कनकै सहयोगबाट विद्यार्थीहरूको सिपगत सबलता, दुर्बलता, उन्नति, अवनति, प्राप्ति र अप्राप्तिहरूको निरन्तर लेखाजोखा गर्दै सचेत र व्यावहारिक ढङ्गले उत्प्रेरक कार्यकलापहरूको उपयोग गरेर नै भाषा शिक्षकले सही ढङ्गले भाषा शिक्षण गर्न सक्दछन् (पौडेल, २०६० : १) । मूल्याङ्कन निरन्तर चल्ने प्रक्रिया हो । शिक्षण सिकाइका क्षेत्रमा गरिने मूल्याङ्कनलाई आवधिक रूपमा मात्र सीमित राखियो भने विद्यार्थीमा पाठ्यक्रमले निर्दिष्ट गरेका अपेक्षित उपलब्धिहरू हासिल हुन सक्दैनन् । यही तथ्यलाई आत्मसात् गर्दै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले नवौं योजना अन्तर्गत शैक्षिक सत्र २०६३ सालदेखि आधारभूत तहको कक्षा १ बाट लागु भई क्रमशः कक्षा ७ सम्म लागु गर्दै लगेको पाइन्छ (गौतम र कोइराला, २०७४ : ३०४) । मूल्याङ्कनका विभिन्न प्रकारहरूमध्ये निरन्तर विद्यार्थी मूल्याङ्कन निर्माणात्मक/सुधारात्मक मूल्याङ्कनको एउटा रूप हो । यसको सैद्धान्तिक आधार रचनावाद

(Constructivism) हो (अधिकारी, २०७३ : १८१) । वास्तवमा शिक्षाको गुणात्मक विकासका लागि निरन्तर मूल्याङ्कन आवश्यक पर्दछ । हाम्रो देशमा आधारभूत शिक्षाको गुणात्मक पक्ष सन्तोषजनक हुन नसकेकाले आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्ने प्रयास भएको हो । निरन्तर मूल्याङ्कन प्रणालीले उदार कक्षा उन्नतिलाई अवलम्बन गर्दछ र सिक्न बाँकी विषयवस्तु अर्को कक्षामा सिक्ने वातावरण सिर्जना गर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन अनौपचारिक र सुधारात्मक (formative) प्रकृतिको हुन्छ । यसले विद्यार्थीलाई नियमित विद्यालय आउन, कक्षा सहभागिता जनाउन र शिक्षण सिकाइप्रति अभिप्रेरित हुन प्रोत्साहित गर्दछ ।

भाषा शिक्षण सिकाइ र सम्बद्ध अभ्यासात्मक कार्यकलापहरूमा आधारित भएर गरिने अनौपचारिक ढङ्गको मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो । एक चोटि मूल्याङ्कन गरेर नपुग्ने, बारम्बार गरिरहनुपर्ने र विद्यार्थीहरूलाई पृष्ठपोषण दिइरहनु पर्ने भाषिक सिप सिकाइका प्रसङ्गहरूमा यस्तो अनौपचारिक मूल्याङ्कन निर्माणात्मक अथवा संरचनात्मक प्रकृतिको हुन्छ र आन्तरिक मूल्याङ्कनको गुणले अभिभूत हुन्छ (पौडेल, २०६७ : ९,१०) । विद्यार्थीहरूको उपलब्धि र स्तरलाई सुधार गरी पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुसार ज्ञान, सिप, अभिवृत्ति विद्यार्थीहरूमा हासिल गराउन निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका हुन्छ । वर्तमान विद्यालय शिक्षाको नीतिअनुसार कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाउनुपर्ने व्यवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ तथा विद्यालय क्षेत्र सुधार योजना एवम् परिमार्जित आधारभूत शिक्षा (कक्षा १-८) पाठ्यक्रमले पनि उक्त व्यवस्थालाई अङ्गीकार गरी कार्यान्वयनमा ल्याएको छ ।

### अध्ययनको उद्देश्य

आधारभूत तहको कक्षा ५ मा अध्यापनरत नेपाली भाषा शिक्षकले पाठ्यक्रमद्वारा निर्धारित निरन्तर विद्यार्थी मूल्याङ्कनको मूल मर्म र भावना बोध नगरी सतही रूपमा विद्यार्थीको भाषिक मूल्याङ्कन गर्दा त्यसले भाषिक सिप आर्जनमा पारेको प्रभाव यसको मूल समस्या हो । यसै समस्यामा केन्द्रित भएर निम्नानुसारका उद्देश्हरू निर्धारण गरिएका छन् :

- भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा पत्ता लगाउनु,
- शिक्षकका दृष्टिकोणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगावस्था पहिचान गर्नु,
- शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका कठिनाइहरू पहिल्याउनु ।

### अध्ययन विधि र प्रक्रिया

यो अध्ययन मूलतः गुणमात्रात्मक विधि (mixed method) मा आधारित छ । उत्तरप्रत्यक्षवादी पद्धतिलाई आत्मसात् गरिएको यस अध्ययनमा कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकले प्रस्तुत गरेका वस्तुगत र विषयगत दुवै खाले धारणालाई मूल्य (value) दिइएको छ । पोखरा उपत्यकाभित्र कक्षा ५ मा नेपाली पढाउने १० जना शिक्षकलाई उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी छनोट गरिएको छ भने प्रश्नावली र अन्तर्वार्ताजस्ता उपकरणको प्रयोग गरी तथ्याङ्क/सूचना सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्क/सूचनालाई व्यवस्थित रूपमा व्याख्या विश्लेषण गर्ने सन्दर्भमा बारम्वारता, प्रतिशताङ्क, तालिका, पाइचार्ट, बारडायग्राम, कोटेसन, कोड, थिमहरूका माध्यमबाट अर्थपूर्ण व्याख्या गरिएको छ । विभिन्न दाबीहरू प्रस्तुत गर्दै प्रस्तुत गरिएका दाबीलाई पुष्टि गर्न तर्क, प्रमाण र साक्ष्यहरू जुटाइएको छ । यसका साथै निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित पूर्वअध्येताहरूसँग संवाद गर्दै आलेखलाई परिपुष्ट बनाउने प्रयत्न गरिएको छ भने लेखलाई आग्रहबाट मुक्त गराई वैज्ञानिक र वस्तुगत बनाउन लेखकले आफ्ना निजी विचार र आस्थालाई कोष्ठकबन्ध (Bracketing) गरेको छ ।

### नतिजा र छलफल


आधारभूत विद्यालय अन्तर्गत कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा, प्रयोगावस्था र प्रयोगका सन्दर्भमा उनीहरूले भोगेका समस्याहरू पहिल्याउने उद्देश्यले गरिएको यस अनुसन्धानमा प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट प्राप्त सूचना वा तथ्याङ्कलाई गुणमात्रात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्ने सन्दर्भमा प्रश्नावलीका माध्यमबाट प्राप्त तथ्याङ्कलाई अनुसन्धानको उद्देश्यअनुसार छुट्टाछुट्टै शीर्षकीकरण गरेर तथ्याङ्कशास्त्रीय विधिका माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ भने अन्तर्वार्ताका माध्यमबाट प्राप्त सूचनालाई गुणात्मक विधिको उपयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

### निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी धारणा

यस अनुसन्धानको पहिलो उद्देश्य नेपाली भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा पत्ता लगाउनु भएकाले यस उद्देश्यसँग सम्बन्धित परिमाणात्मक र गुणात्मक तथ्याङ्कलाई क्रमशः निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**१) निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा**

कक्षा ५ मा नेपाली पढाउने १० जना शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनप्रति दिएका प्रतिक्रिया वा धारणालाई यसरी देखाइएको छ :





**चित्र १ : निरन्तर विद्यार्थी मूल्याङ्कनप्रति शिक्षकका धारणा**

चित्र १ अनुसार कक्षा ५ मा नेपाली पढाउने १० जना शिक्षकहरूमध्ये १ जना शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नियमित तथा अनौपचारिक मूल्याङ्कनका रूपमा लिएका छन् भने ३ जना शिक्षकले निराकरणात्मक/सुधारात्मक मूल्याङ्कनका रूपमा लिएका छन् । त्यस्तै १ जना शिक्षकले भाषिक सिपको मूल्याङ्कनका रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लिएका छन् भने बाँकी ५ जना शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नियमित/अनौपचारिक, निराकरणात्मक/सुधारात्मक र भाषिक सिपको मूल्याङ्कनका रूपमा परिभाषित गरेका छन् । यस तथ्यबाट के पुष्टि हुन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको नियमित तथा अनौपचारिक मूल्याङ्कन मात्र नभएर निराकरणात्मक/सुधारात्मक एवम् भाषिक सिपको मूल्याङ्कन पनि हो ।

**२) नेपाली भाषा शिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता**

कक्षा ५ मा नेपाली शिक्षण गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता छ वा छैन ? यदि छ भने किन छ ? भन्ने प्रश्नको जवाफमा आएका धारणाहरूलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ :




**चित्र २ : निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकतासम्बन्धी धारणा**

चित्र २ अनुसार नेपाली भाषा शिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकतासम्बन्धी सोधिएको प्रश्नमा सम्पूर्ण शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता बोध गरेका छन् । १० जना शिक्षकहरूमध्ये ३ जना (३०%) शिक्षकले विद्यार्थीमा सुधार ल्याउन निरन्तर विद्यार्थी मूल्याङ्कनमा जोड दिएका छन् भने १ जना (१०%) शिक्षकले समग्र पक्षको मूल्याङ्कन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन आवश्यक ठानेका छन् । त्यस्तै ५ जना (५०%) शिक्षकले भाषिक सिपको विकासका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता बोध गरेका छन् भने १ जना (१०%) शिक्षकले विद्यार्थीलाई सिकाइमा पृष्ठपोषण प्रदान गर्न निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता महसुस

गरेका छन् । यसरी हेर्दा ५० प्रतिशत शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नेपाली भाषा शिक्षण/सिकाइसँग जोडेर हेरेको देखिन्छ ।

**३) निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख राखे/नराखेको स्थिति**

कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकले विद्यार्थीको निरन्तर मूल्याङ्कन पश्चात् प्राप्त सिकाइ उपलब्धिलाई अभिलेखका रूपमा राखे/नराखेको स्थितिलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १ : अभिलेख राखे/नराखेको स्थिति**

| विद्यालय | अभिलेख | |
|---|---|---|
| | छ | छैन |
| सामुदायिक | ५ (१००%) | – |
| संस्थागत | – | ५ (१००%) |

तालिका १ अनुसार छनोट भएका १० जना शिक्षकहरूमध्ये सामुदायिक विद्यालयका ५ जना (१००%) शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनपश्चात् प्राप्त सिकाइ उपलब्धिलाई प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रोफाइल तयार गरेर अभिलेख राख्ने गरेको पाइयो भने संस्थागत विद्यालयका कक्षा ५ मा नेपाली पढाउने ५ जना (१००%) शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त सिकाइ उपलब्धिलाई अभिलेखका रूपमा राख्ने गरेको पाइएन । यस तथ्यबाट के भन्न सकिन्छ भने संस्थागत विद्यालय प्रशासन र शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई त्यति महत्त्व दिएका छैनन् ।

यस अनुसन्धान कार्यको पहिलो उद्देश्यसँग सम्बन्धित भएर अन्तर्वार्ताका माध्यमबाट कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी प्रस्तुत गरेका धारणाहरूलाई विभिन्न आशय (Theme) हरू निर्माण गरी व्याख्या विश्लेषण गरिएको छ :

**क) नियमित तथा अनौपचारिक मूल्याङ्कन**

कतिपय शिक्षकका धारणामा निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको नियमित तथा अनौपचारिक मूल्याङ्कन हो । यस किसिमको मूल्याङ्कनबाट शिक्षकले आफूले प्रयोग गरेका शिक्षण सिकाइ रणनीति र शैक्षिक सामग्रीको प्रभावकारिता लेखाजोखा गर्न सकिन्छ । तथापि अनौपचारिक मूल्याङ्कन औपचारिक मूल्याङ्कनजस्तो संरचित, पूर्वनिर्धारित र कठोर प्रकृतिको हुँदैन । कुनै कक्षा वा तहका विभिन्न खालका विषयहरू अध्यापन गराउने शिक्षकले महसुस गरेका खण्डमा जुनसुकै समयमा यस्तो मूल्याङ्कनको प्रयोग गर्न सक्छन् । यस्तो मूल्याङ्कनको खास योजना, तयारी, सञ्चालन र अङ्कनका बारेमा कुनै ठोस नीति, नियम र पूर्वनिर्धारित कार्यक्रम हुँदैन । यस किसिमको मूल्याङ्कनको मुख्य उद्देश्य शिक्षण सिकाइका क्रममा देखिएका कमीकमजोरीहरूको पहिचान गरी ती कमीकमजोरीहरूलाई सुधार गर्नु हो । शिक्षक ३, ४ र १० ले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नियमित तथा अनौपचारिक मूल्याङ्कनका रूपमा लिएका छन् ।

> **शिक्षक १० :** शिक्षण सिकाइ प्रक्रियामा निरन्तर विद्यार्थी मूल्याङ्कन भन्नाले विद्यार्थीहरूले के कति सिकाइ उपलब्धि हासिल गर्न सके वा सकेनन् भनी अनौपचारिक रूपमा नियमित तरिकाले गरिने सुधारात्मक मूल्याङ्कन हो ।

**ख) कमीकमजोरी पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने साधन**

निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कतिपय शिक्षकहरूले विद्यार्थीमा भएका कमीकमजोरी पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने साधनका रूपमा लिएका छन् । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूले भाषाका कुन कुन क्षेत्रमा त्रुटि गर्छन् र ती त्रुटिहरूलाई कसरी निराकरण गर्न सकिन्छ भन्ने कुराको आवश्यक सुझ प्रदान गर्ने काम निरन्तर विद्यार्थी मूल्याङ्कनले गर्दछ । यसले सिकाइमा पृष्ठपोषण प्रदान गर्नुका साथै विद्यार्थीमा रहेका कतिपय भाषिक कमीकमजोरीलाई सुधार गर्ने अवसर प्रदान गर्दछ । शिक्षक १, ४ र ५ ले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई यही रूपमा अर्थ्याएका छन् ।

> **शिक्षक १ :** निरन्तर विद्यार्थी मूल्याङ्कनको खास अपेक्षा विद्यार्थीमा निहित कमीकमजोरी पहिचान गर्ने, सुधार गर्ने गरी शैक्षिक रूचि जागरण गर्ने हो । निरन्तर विद्यार्थी मूल्याङ्कनकै कारण विद्यार्थीले आफ्ना कमीकमजोरी बेलैमा थाहा पाई सुधार्ने मौका पाउँछन् । साथै आनीबानी र व्यवहारलाई रूपान्तरण गर्ने मौका पनि निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त हुन्छ ।

**ग) भाषिक सिप/सिकाइ उपलब्धि अभिवृद्धि गर्ने माध्यम**

कतिपय शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई भाषिक सिप/सिकाइ उपलब्धि अभिवृद्धि गर्ने माध्यमका रूपमा लिएका छन् । साँच्चिकै भाषा शिक्षणका सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई हेर्दा यसले विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सिप अभिवृद्धि गर्नुका साथै कार्यमूलक व्याकरणको विकासमा जोड दिने गर्दछ । शिक्षक २ का अनुसार "निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीको समग्र पक्षको मूल्याङ्कन हो । यसले विद्यार्थीको भाषिक सिप लगायत ज्ञानात्मक र धारणात्मक क्षमताको विकासमा सहयोग पुऱ्याउँछ । निरन्तर विद्यार्थी मूल्याङ्कनले समग्र भाषिक सिपको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।" तसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीका सिकाइ उपलब्धि वृद्धि गर्नका लागि नियमित रूपमा गरिने मूल्याङ्कन हो ।

**घ) निराकरणात्मक/सुधारात्मक शिक्षण**

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीका सिकाइ उपलब्धिको लेखाजोखा गर्नुका साथै भाषिक दृष्टिले कमजोर मानिएका विद्यार्थीहरूलाई निराकरणात्मक वा सुधारात्मक शिक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न सघाउ पुऱ्याउँदछ । शिक्षक ७ का अनुसार "निरन्तर विद्यार्थी मूल्याङ्कनको खास अपेक्षा विद्यार्थीहरूलाई प्रत्येक विषयको सिकाइ उपलब्धि हासिल गराउँदै निरन्तर रूपमा मूल्याङ्कन गर्दै जाने र जुन विद्यार्थी जुन विषयको सिकाइ उपलब्धिमा कमजोर छ त्यस विषयवस्तुमा त्यो कमजोर विद्यार्थीलाई बढी समय दिएर उसको शैक्षिक उपलब्धिमा सुधार गरी कक्षा उन्नति गर्नु हो ।" यसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कनले भाषाका कुनै पनि पक्षमा कमजोर विद्यार्थीलाई निराकरणात्मक वा सुधारात्मक शिक्षण गर्न मार्ग प्रशस्त गर्दछ ।

अतः शिक्षकहरूले भने झैं निरन्तर विद्यार्थी मूल्याङ्कन औपचारिक तथा निर्णयात्मक मूल्याङ्कनको विरूद्धमा विकसित अवधारणा हो । यसको सैद्धान्तिक एवम् दार्शनिक आधार 'रचनावाद' नै हो । कुनै पनि विद्यार्थी परीक्षामा असफल हुँदैन किनकि उसले कुनै पनि विषयमा कुनै न कुनै क्षमता लिएर आएकै हुन्छ । विद्यार्थीमा अन्तरनिहित त्यो क्षमतालाई प्रस्फुटन र थप परिष्कार गराउने कर्यमा निरन्तर विद्यार्थी मूल्याङ्कन सहयोगी बन्नु पर्दछ ।

**४) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगावस्थासम्बन्धी धारणा**

यस अनुसन्धानको दोस्रो उद्देश्य नेपाली भाषा शिक्षणका सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग अवस्थासम्बन्धी सम्बन्धित शिक्षकको धारणा पहिचान गर्नु हो । उक्त धारणासँग सम्बन्धित परिमाणात्मक र गुणात्मक तथ्याङ्क वा सूचनालाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**क) निरन्तर विद्यार्थी मूल्याङ्कनका तरिका र प्राथमिकता दिने शिक्षक**

कक्षा ५ मा नेपाली पढाउने १० जना भाषा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा अपनाएका वा उपयोगमा ल्याएका साधन वा तरिकाहरूलाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**तालिका २ : निरन्तर विद्यार्थी मूल्याङ्कनका तरिका/साधन र शिक्षक संख्या**

| तरिका /साधन | प्राथमिकता दिने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा |
| कक्षाकार्य/गृहकार्य | ४ | ४ | २ | – | – | १० |
| हाजिरी र कक्षा सहभागिता | ४ | १ | – | २ | ३ | १० |
| सिर्जनात्मक कार्य | १ | ३ | १ | ३ | २ | १० |
| व्यवहार अवलोकन | – | १ | २ | ५ | २ | १० |
| परियोजना कार्य | १ | १ | ५ | – | ३ | १० |
| जम्मा | १० | १० | १० | १० | १० | १० |

तालिका २ अनुसार आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कक्षा कार्य/गृहकार्यलाई पहिलो प्राथमिकता दिने ४ जना (४०%) र दोस्रो प्राथमिकता दिने ४ जना (४०%) शिक्षक रहेका छन् भने हाजिरी र कक्षा सहभागितालाई पहिलो प्राथमिकता दिने ४ जना (४०%) र दोस्रो प्राथमिकता दिने १ जना (१०%) शिक्षक रहेका छन् । त्यस्तै सिर्जनात्मक कार्यलाई १ जना (१०%) शिक्षकले पहिलो प्राथमिकतामा राखेका छन् भने १ जना (१०%) शिक्षकले परियोजना कार्यलाई पहिलो प्राथमिकतामा राखेका छन् । व्यवहार अवलोकनलाई कुनै पनि शिक्षकले प्राथमिकता दिएका छैनन् । अन्य प्राथमिकताहरू छरिएर रहेका छन् । यसरी हेर्दा कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा प्रयोगमा ल्याएका

साधन वा तरिकाहरूमा प्राथमिकता क्रमअनुसार क्रमशः कक्षा कार्य/गृहकार्य, हाजिरी र कक्षा सहभागिता, सिर्जनात्मक कार्य, परियोजना कार्य र व्यवहार अवलोकन पर्दछन् ।

**ख) निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दाका भाषिक पक्ष/क्षेत्र र प्राथमिकता दिने शिक्षक:**

आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा भाषाका कुन कुन पक्ष वा क्षेत्रमा केन्द्रित भएर मूल्याङ्कन गर्दछन् भन्ने कुरालाई प्राथमिकता क्रमअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :


**तालिका ३ : भाषिक पक्ष/क्षेत्र र प्राथमिकता दिने शिक्षक संख्या**

| भाषिक पक्ष/क्षेत्र | प्राथमिकता दिने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा |
| सुनाइ | ६ | २ | १ | – | १ | १० |
| बोलाइ | १ | ६ | २ | १ | – | १० |
| पढाइ | २ | – | ७ | १ | – | १० |
| लेखाइ | – | २ | – | ८ | – | १० |
| कार्यमूलक व्याकरण | १ | – | – | – | ९ | १० |
| जम्मा | १० | १० | १० | १० | १० | १० |

तालिका ३ अनुसार कक्षा ५ मा नेपाली पढाउने १० जना शिक्षकहरूमध्ये ६ जना (६०५) शिक्षकले सुनाइलाई पहिलो प्राथमिकतामा राखेका छन् भने २ जना (२०५) शिक्षकले पढाइलाई पहिलो प्राथमिकतामा राखेका छन् । त्यस्तै १ जना (१०५) शिक्षकले बोलाइलाई पहिलो प्राथमिकता दिएका छन् भने १ जना (१०५) शिक्षकले कार्यमूलक व्याकरणलाई पहिलो प्राथमिकतामा राखेका छन् । लेखाइ कुनै पनि शिक्षकको पहिलो प्राथमिकतामा परको छैन । ९ जना (९०५) शिक्षकले कार्यमूलक व्याकरणलाई पाँचौ प्राथमिकतामा राखेको हुनाले कार्यमूलक व्याकरणलाई महत्त्व नदिएको कुरा स्पष्ट छ । अन्य प्राथमिकताहरू छरिएर रहेका छन् । यसरी हेर्दा आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा भाषाका क्रमशः सुनाइ, पढाइ, बोलाइ, लेखाइ र कार्यमूलक व्याकरणलाई पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ प्राथमिकता दिएको पाइन्छ । लेखाइ र कार्यमूलक व्याकरण शिक्षकको प्राथमिकतामा परेका छैनन् भने सुनाइ पहिलो प्राथमिकतामा परेको छ ।

**ग) निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त उपलब्धिसम्बन्धी शिक्षकका धारणा:**

निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीमा प्राप्त हुने मुख्य उपलब्धिप्रति शिक्षकले दिएका धारणाहरूलाई वृत्तारेखमा निम्नानुसार प्रस्तुत गरिएको छ :




**चित्र ३ : उपलब्धिप्रति शिक्षकले दिएका प्रतिक्रिया**

चित्र ३ अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीमा प्राप्त हुने मुख्य उपलब्धिअन्तर्गत ६ जना(६०५) शिक्षकले 'सिकाइमा पृष्ठपोषण' लाई लिएका छन् भने २ जना (२० ५) शिक्षकले 'भाषिक सिपमा अभिवृद्धि' लाई

लिएका छन् । त्यस्तै २ जना (२०५) शिक्षकले व्यवहारमा आउने परिवर्तनलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उपलब्धि मानेका छन् । यसरी हेर्दा भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीमा प्राप्त हुने उपलब्धिका रूपमा विद्यार्थीको कक्षामा सहभागितालाई प्राथमिकता दिएका छैनन् । अघिकांश शिक्षकले 'सिकाइमा पृष्ठपोषण' लाई नै निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त मुख्य उपलब्धिका रूपमा लिएका छन् ।

**५) निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीमा पारेको प्रभावसम्बन्धी शिक्षकका धारणा**

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीमा पारेको प्रभावसम्बन्धी तथ्याङ्कबाट प्राप्त शिक्षकका धारणा वा प्रतिक्रियालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४ : विद्यार्थीमा निरन्तर मूल्याङ्कनको प्रभावसम्बन्धी शिक्षकका प्रतिक्रिया**

| प्रभाव | बारम्बारता | प्रतिशत |
|---|---|---|
| अति राम्रो | २ | २०% |
| राम्रो | ६ | ६०% |
| सन्तोषजनक | २ | २०% |
| नराम्रो | – | – |
| **जम्मा** | १० | १००% |

तालिका ४ अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीमा पारेको प्रभावका सम्बन्धमा शिक्षकले दिएका प्रतिक्रियाहरूमध्ये २ जना (२०%) शिक्षकले अति राम्रो प्रभाव परेको जनाएका छन् भने ६ जना (६०%) शिक्षकले राम्रो प्रभाव पारेको जनाएका छन् । त्यस्तै २ जना (२०%) शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव सन्तोषजनक रहेको उल्लेख गरेका छन् । यसरी हेर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीका भाषिक तथा अन्य सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको पाइन्छ ।

यस अनुसन्धानको दोस्रो उद्देश्यसँग सम्बन्धित भएर अन्तर्वार्ताका माध्यमबाट शिक्षकले प्रस्तुत गरेका धारणा वा प्रतिक्रियालाई विभिन्न आशय (Theme) निर्माण गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**६) निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा प्रयोग गरिएका साधनहरू**

आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा प्रायः कक्षाकार्य/कक्षा सहभागिता, परियोजना कार्य, व्यवहारमा परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी आदिलाई आधार बनाएको पाइन्छ । कतिपय शिक्षकहरूले यसका अतिरिक्त एकाइ परीक्षा, गृहकार्य, प्रयोगात्मक परीक्षा, अनुशासन/चरित्र, अतिरिक्त कार्यकलापमा सहभागिता, अन्तर्वार्ता आदि साधन वा तौरतरिकालाई पनि निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा उपयोग गरेका छन् ।

> **शिक्षक १ :** मैले निरन्तर विद्यार्थी मूल्याङ्कन भाषाका विभिन्न सिपसँग सम्बन्धित रहेर उनीहरूको एकाइ परीक्षा, कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, प्रयोगात्मक परीक्षा, अनुशासन/चरित्र, अतिरिक्त क्रियाकलापमा सहभागिता र प्राप्त गर्ने स्थान, साथीहरूसँगको व्यवहार, अवलोकन, अन्तर्वार्ता आदि विभिन्न प्रकारका मूल्याङ्कनका तौरतरिकाहरू उपयोग गरेर उनीहरूको मूल्याङ्कन गरेकी छु ।

निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा प्रयोगमा ल्याइएका साधनहरूकै सन्दर्भमा शिक्षक १ को धारणा अलि भिन्न भएजस्तै शिक्षक २ का धारणा पनि केही भिन्न रहेका छन् । शिक्षक २ ले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भाषिक खेल, उच्चारण, सस्वरवाचन, अनुलेखन, श्रुतिलेखन, पठनबोध, चित्र तथा घटना वर्णन, खेल आदि साधन/तरिकालाई उपयोग गरेको देखिन्छ ।

> **शिक्षक २ :** मैले निरन्तर विद्यार्थी मूल्याङ्कन सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित रहेर, विभिन्न भाषिक खेलहरू गराएर, शुद्ध उच्चारण गर्न लगाएर, हिज्जेगत प्रतियोगिता चलाएर, दृश्यावलोकन गराएर, सस्वरवाचन गर्न लगाएर, श्रुतिलेखन, अनुलेखन र पठनबोध गर्न लगाएर, चित्र तथा घटना वर्णन गर्न लगाएर, अडियो भिडियो प्रयोग गराएर, खेल विधि जस्ता प्रक्रिया अपनाएर निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दै आएकी छु ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दाका भाषिक पक्ष/क्षेत्रः** आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ र कार्यमूलक व्याकरणमा केन्द्रित भएर गरेका छन् । यसका अतिरिक्त शब्दभण्डार, कथा, कविता, निबन्ध, चिठी, वाक्यमा प्रयोगजस्ता भाषा र साहित्यका विविध पक्ष वा क्षेत्रमा केन्द्रित भएर निरन्तर विद्यार्थी मूल्याङ्कन गरेका छन् ।

**शिक्षक ८ :** भाषाका चार सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ), व्याकरण, शब्दभण्डार, कथा, कविता, चिठी लेखन, वाक्यमा प्रयोग आदि क्षेत्रमा केन्द्रित रहेर निरन्तर मूल्याङ्कन गरिन्छ ।

कतिपय शिक्षकहरूले विद्यार्थीका सिकाइ उपलब्धिको निरन्तर मूल्याङ्कन गर्दा भाषा, व्याकरण तथा साहित्यका विविध पक्षमा केन्द्रित भएर गरेको पाइन्छ भने कतिपय शिक्षकहरूले केवल सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा मात्र केन्द्रित भएर निरन्तर मूल्याङ्कन गरेका छन् । कार्यमूलक व्याकरणलाई त्यति महत्त्व दिएको पाइँदैन ।

**६) निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव**

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावका बारेमा सम्बन्धित भाषा शिक्षकले दिएका प्रतिक्रिया वा धारणालाई हेर्दा अधिकांश शिक्षकले सकारात्मक प्रतिक्रिया दिएका छन् भने केही शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन केवल औपचारिकतामा सीमित रहेको, सन्तोषजनक र उपलब्धिमूलक नभएको ठहर गरेका छन् । प्रयोग भएका कतिपय विद्यालयमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको राम्रो ज्ञान नभई हचुवाको भरमा प्रयोग भएको उनीहरूको निष्कर्ष छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगका सम्बन्धमा यस्तो धारणा शिक्षक ८ र ९ ले राखेका छन् ।

**शिक्षक ८ :** नेपाली भाषा शिक्षणका सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कन सबै क्षेत्रमा प्रयोग भएको छैन । पयोग भए पनि हचुवाको भरमा फारम भरेर मूल्याङ्कन गरिन्छ ।

त्यस्तै शिक्षक ९ ले निरन्तर विद्यार्थी मूल्याङ्कन "औपचारिकतामा केन्द्रित छ । सन्तोषजनक र उपलब्धिमूलक छैन" भनी प्रतिक्रिया दिएका छन् । केही शिक्षकले यस्तो खाले प्रतिक्रिया दिए पनि अधिकांश शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव भाषिक सिप तथा कौशलको विकासमा लाभकारी भएको, पठनबोध, शब्दभण्डार क्षमताको अभिवृद्धिमा सकारात्मक रहेको तथ्यलाई अगाडि सारेका छन् ।

**शिक्षक १ :** भाषिक सिप तथा कौशलको विकासमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभाव अरू मूल्याङ्कनको तुलनामा राम्रो भएको पाएकी छु किनभने अरू मूल्याङ्कनबाट विद्यार्थीले गल्ती कमजोरी सच्याउने अवसर पाउँदैन । यस मूल्याङ्कनबाट बेलैमा सच्याई सुध्रिने अवसर प्राप्त गर्छ ।


निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीले तुरुन्तै पृष्ठपोषण प्राप्त गरी आफूमा भएका कमीकमजोरी सुधार गर्ने मौका पाउने हुनाले अरू मूल्याङ्कनको तुलनामा यो विद्यार्थीमैत्री हुने शिक्षकहरूको निष्कर्ष छ ।

**७) शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका समस्या/कठिनाइ**

यस अनुसन्धानको तेस्रो उद्देश्य आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका समस्या वा कठिनाइ पहिल्याउनु भएकाले यस उद्देश्यसँग सम्बन्धित परिमाणात्मक तथा गुणात्मक विधिबाट प्राप्त तथ्याङ्क वा सूचनालाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका कठिनाइसम्बन्धी शिक्षकका धारणा**

कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका कठिनाइसम्बन्धी प्रश्नावलीबाट प्राप्त तथ्याङ्क वा धारणालाई निम्नानुसार उल्लेख गरिएको छ :




**चित्र ४ : समस्या/कठिनाइसम्बन्धी शिक्षकका धारणा**

चित्र ४ अनुसार आधारभूत तहको कक्षा ५ मा नेपाली पढाउने भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका समस्या/कठिनाइमा विद्यार्थीसँग सम्बन्धित कठिनाइ पहिलो स्थानमा रहेको छ । ५ जना (५०%) शिक्षकले विद्यार्थीसँग सम्बन्धित समस्या वा कठिनाइ भोगेको तथ्य अगाडि सारेका छन् भने ४ जना (४०%) शिक्षकले प्रशासनिक कठिनाइ व्यहोर्नु परेको जनाएका छन् । त्यस्तै १ जना (१०%) शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा स्वयम् शिक्षकसँग सम्बन्धित समस्या/कठिनाइ भएको जनाएका छन् । कक्षा व्यवस्थापनसम्बन्धी समस्या र अन्य समस्यालाई कुनै पनि शिक्षकले सङ्केत गरेका छैनन् । यसरी हेर्दा भाषा

शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा प्रशासनिक र विद्यार्थीसँग सम्बन्धित समस्या/कठिनाइ बढी मात्रामा भोगेको देखिन्छ ।

यस अनुसन्धानको तेस्रो उद्देश्यसँग सम्बन्धित भएर अन्तर्वार्ताका माध्यमबाट शिक्षकले प्रदान गरेका धारणा वा प्रतिक्रियालाई विभिन्न आशय (Theme) निर्माण गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**क) प्रशासनिक समस्याः**

नेपाली भाषा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका विभिन्न कठिनाइ वा समस्याहरूमध्ये प्रशासनिक समस्या पनि मुख्य रहेको छ । खासगरी विद्यालय प्रशासनले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई त्यति महत्त्व नदिनु, औपचरिकतामा सीमित गर्न खोज्नु, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख रजिष्ट्र लगायतका सामग्रीहरू समयमा उपलब्ध नगराउनुजस्ता समस्याहरूलाई प्रशासनिक समस्याका रूपमा लिन सकिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि विद्यालय प्रशासनले जुन किसिमको वातावरण निर्माण गर्नुपर्ने हो त्यो हुन सकिरहेको छैन । शिक्षक २, ३, ७ र १० ले प्रशासनिक समस्याका कारण शिक्षकले चाहेर पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बन्न नसकेको धारणा अभिव्यक्त गरेका छन् ।

> **शिक्षक १० :** निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न विद्यालयले प्रशासनिक रूपमा उपलब्ध गराउनुपर्ने सामग्री र समय उपलब्ध नगराउँदा अध्यापन गरेर पनि प्रभावकारी तरिकाले मूल्याङ्कन गर्न नसकिएको स्थिति छ ।

**ख) विद्यार्थीसँग सम्बन्धित समस्या**

निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा नेपाली भाषा शिक्षकले विद्यार्थीसँग सम्बन्धित थुप्रै कठिनाइहरू भोगिरहेको स्थिति छ । खासगरी विद्यार्थीहरूले नेपाली भाषाको पठनपाठनतर्फ रूचि नदेखाउनु, नियमित कक्षामा उपस्थित नहुनु, बिचैमा कक्षा छाड्नु, शैक्षिक सत्रको बिचमा नयाँ विद्यार्थी भर्ना हुन आउनु, भिन्न भिन्न भाषिक पृष्ठभूमिका बालबालिकाहरू एउटै कक्षामा हुनु, सिकाइप्रति विद्यार्थीको सक्रियता कम देखिनुजस्ता विद्यार्थीसँग सम्बन्धित विभिन्न खालका समस्याका कारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बन्न नसकेको शिक्षकहरूको तर्क छ । शिक्षक १, २, ३, ६ र ९ ले विद्यार्थीसँग सम्बन्धित विभिन्न समस्याका कारण शिक्षकले चाहेर पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बन्न नसकेको धारणा प्रस्तुत गरेका छन् ।

> **शिक्षक-१ :** मैले निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा विद्यार्थीका विभिन्न भाषिक सिपसँग सम्बन्धित समस्या, उनीहरूको पढाइप्रतिको अरूचिजस्ता थुप्रै कठिनाइहरू भोगेकी छु ।

**ग) समय व्यवस्थापनसम्बन्धी समस्या**

भाषा शिक्षकहरूले समयको उचित व्यवस्थापन गर्न नसक्दा पनि निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा थुप्रै कठिनाइहरू भोलिरहेका छन् । खासगरी विद्यार्थी संख्या धेरै भएकाले निरन्तर मूल्याङ्कनका लागि समय व्यवस्थापन गर्न कठिन भएको केही शिक्षकहरूको तर्क छ एकातिर भने अर्कोतिर विद्यालय प्रशासनले शिक्षकलाई बढी कक्षाभार दिँदा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गर्न नसकिएको उनीहरूको भनाइ छ । शिक्षक ७, ९ र १० ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी हुन नसक्नुमा समय व्यवस्थापनसम्बन्धी समस्यालाई प्राथमिकतामा राखेका छन् । यसै सन्दर्भमा शिक्षक ९ ले "समयको अपर्याप्तता र विद्यार्थीको कम सक्रियता" का कारण निरन्तर विद्यार्थी मूल्याङ्कनमा कठिनाइ भएको तर्क पेस गरेका छन् । त्यस्तै शिक्षक ८ का अनुसार "पाठ सकिनासाथ त्यसको मूल्याङ्कन गर्नुपर्ने तर कहिलेकाहीँ समय अभावका कारण ३/४ वटा पाठ सकिएर पनि मूल्याङ्कन गर्न नपाइएको अवस्था आउँछ । यस्तो अवस्थामा सही मूल्याङ्कन नहुन पनि सक्छ ।" यसका साथै शिक्षक १० का अनुसार "विद्यार्थी संख्या धेरै भएको र विद्यालय प्रशासनले आवश्यकभन्दा बढी कक्षाभार उपलब्ध गराएकाले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न र त्यसको अभिलेख राख्न समय नपुगेको स्थिति छ ।"

यसरी हेर्दा समय व्यवस्थापनसम्बन्धी समस्याका कारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बन्न नसकेको तथ्य घामजस्तै छर्लङ्ग छ । हुनतः यी बाहेक अन्य समस्याका कारण पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी नहुन सक्छ तापनि शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भोगेका कठिनाइ वा समस्याहरू माथि उल्लेखित शीर्षककै सेरोफेरोमा केन्द्रित रहेका छन् ।

**निष्कर्ष**

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको मुख्य लक्ष्य विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नु हो । यसको प्रमुख उद्देश्य विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा आवश्यकता अनुसार निरन्तर सिकाइ अवसर प्रदान गरी विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । निरन्तर विद्यार्थी मूल्याङ्कन औपचारिक मूल्याङ्कन नभएर अनौपचारिक मूल्याङ्कन प्रक्रिया हो । यस किसिमको मूल्याङ्कनबाट शिक्षकले आफूले प्रयोग गरेका शिक्षण सिकाइ रणनीति र शैक्षिक सामग्रीको प्रभावकारिता लेखाजोखा गर्न सक्छन् । तथापि अनौपचारिक मूल्याङ्कन औपचारिक मूल्याङ्कनजस्तो संरचित, पूर्वनिर्धारित र कठोर प्रकृतिको हुँदैन । कुनै कक्षा वा तहमा विभिन्न खालका विषयहरू

अध्यापन गराउने शिक्षकले महसुस गरेका खण्डमा जुनसुकै समयमा यस्तो मूल्याङ्कन गर्न सक्छन् । यस्तो मूल्याङ्कनको खास योजना, तयारी, सञ्चालन र अङ्कनका बारेमा कुनै ठोस नीति, नियम र पूर्वनिर्धारित कार्यक्रम हुँदैन । मूल्याङ्कन गर्दा के कस्ता प्रश्नहरू सोध्ने, परीक्षाको सञ्चालन कसरी गर्ने, कुन कुन साधनहरूको प्रयोग गरेर मूल्याङ्कन गर्ने आदि कुराका बारेमा शिक्षकले नै निर्णय गर्दछन् ।

पोखरा उपत्यकाभित्रका कक्षा ५ मा नेपाली पढाउने १० जना भाषा शिक्षकलाई प्रतिनिधि नमूनाका रूपमा छनोट गरी गुणमात्रात्मक विधिका माध्यमबाट गरिएको यस लघु अनुसन्धान कार्यबाट भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा, प्रयोगावस्था र प्रयोगका क्रममा शिक्षकले भोगेका कठिनाइ पहिल्याउने अभिप्रायले यो अनुसन्धान सम्पन्न गरिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणामा मूलतः शिक्षकहरू स्पष्ट नै देखिन्छन् । उनीहरूका दृष्टिमा निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीमा भएका कमीकमजोरी पहिचान गरी सुधारका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । साथै विद्यार्थीलाई विद्यालयमा नियमित आउन, कक्षा सहभागिता जनाउन र सिकाइप्रति क्रियाशील हुन प्रेरणा प्रदान गर्दछ । यसका अतिरिक्त निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीमा भाषिक सिप तथा कौशलको विकासमा सघाउ पुर्‍याउँदछ ।

भाषा शिक्षकको कोणबाट हेर्दा प्रायः विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगको अवस्था सन्तोषजनक रहेको छ । भाषा शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ), कार्यमूलक व्याकरण र पाठगत सिकाइ उपलब्धिमा केन्द्रित भएर निरन्तर विद्यार्थी मूल्याङ्कन गरेका छन् । अझ कार्यमूलक व्याकरणलाई भन्दा पनि सुनाइ, पढाइ, बोलाइ, लेखाइजस्ता भाषिक सिपमा मूलतः केन्द्रित भएर निरन्तर विद्यार्थी मूल्याङ्कन गरेको स्थिति छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य/गृहकार्य, हाजिरी, कक्षा सहभागिता, परियोजना कार्य, सिर्जनात्मक कार्य, व्यवहार अवलोकन, एकाइ परीक्षा, अतिरिक्त क्रियाकलाप आदि साधन/माध्यमको प्रयोग गरेको पाइन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनका क्रममा भाषा शिक्षकले धेरै प्रकृतिका समस्या/कठिनाइ भोग्नुपरेको जनाएका छन् । ती समस्या वा कठिनाइ मूलतः विद्यालय प्रशासन, विद्यार्थी, समय र कक्षा व्यवस्थापन एवम् स्वयम् शिक्षकसँग सम्बन्धित छन् । संस्थागत विद्यालयका प्रायः शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन गरेर पनि यसको अभिलेख विद्यार्थीको व्यक्तिगत पोर्टफोलियो तयार गरेर राखेको पाइएन । कतिपय विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन केवल औपचारिकतामा सीमित रहेको खासै उपलब्धिमूलक र सन्तोषजनक नरहेको स्वयम् शिक्षकहरूले बताएका छन् । सम्बन्धित विषय शिक्षकलाई विद्यालय प्रशासनले आवश्यक भन्दा बढी कक्षाभार उपलब्ध गराउँदा समय व्यवस्थापन गर्न कठिन भएर पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बन्न सकेको छैन । यसका साथै विद्यार्थीको नेपाली भाषाप्रतिको अरूचि, सिकाइमा विद्यार्थीको कम सक्रियता, प्रशासनले निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी आवश्यक सामग्री समयमा उपलब्ध नगराउनुजस्ता समस्याले पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा जटिलताहरू थपिएका छन् ।

**सन्दर्भ सूची**

अधिकारी, विष्णुप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, सविता (२०६९), "कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको निरन्तर भाषिक मूल्याङ्कन र त्यसको प्रभावकारिताको अध्ययन," स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

गौतम, सूर्यप्रसाद र सीताराम कोइरला (२०७४), *शिक्षासम्बन्धी आधारभूत ज्ञान,* काठमाडौँ : सोपान मासिक ।

ढकाल, शान्तिप्रसाद (२०६८/२०६९), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषिक मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, वेदप्रसाद (२०६८), "निरन्तर विद्यार्थी मूल्याङ्कनले मगर विद्यार्थीको सहभागितामा प्रभाव," स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पौडेल, सुरज (२०६०), "प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन," स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोडेल, सुरज (२०७५), "नेपाली भाषा शिक्षकको निरन्तर विद्यार्थी मूल्याङ्कनप्रतिको धारणा," लघु अनुसन्धान परियोजना प्रतिवेदन, अनुसन्धान समिति, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

भट्टराई, रामप्रसाद र अन्य (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भुर्तेल, ताराकुमारी (२०६८), "कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको निरन्तर भाषिक मूल्याङ्कनको प्रभावकारिता," स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०७१), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

*राष्ट्रिय पाठ्यक्रम प्रारूप* (२०६३), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सञ्जेल, रत्नहरि (२०६६), "कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निरन्तर मूल्याङ्कनको प्रभावकारिता," स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।